नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासनः- ०३७ - ५२०१३२
फ्याक्सः- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७८/०७९
चलानी नं.-

मितिः २०७८/०४/१४

जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाबाट जारी निषेध आदेश ।

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी ओखलढुङ्गा जिल्लाभर लागू हुनेगरी मिति २०७८/०४/१५ गतेदेखि २०७८/०४/२९ गते राती १२ बजेसम्म लागू हुने गरी तपशिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**क. निषेध गरिएका गतिविधिहरूः**

१. सबै प्रकारका सभा, सम्मेलन, पार्टी प्यालेश, होटेल, रेष्टुरेन्ट, मनोरञ्जन स्थल, संग्राहलय, दर्शक सहितको खेलकुद र मानिसहरूको भिडभाड हुने अन्य कार्यक्रम सञ्चालन गर्न/गराउन नपाउने ।
२. खुला स्थानमा मानिसहरू भेला जम्मा हुन, भिडभाड गर्न, सभा, जुलुस, जात्रा, पर्व, महोत्सव, भोज भतेर आदि गर्न/गराउन नपाउने ।
३. पुजारीबाट हुने नित्य पूजाबाहेकका अन्य धार्मिक तथा सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्न नपाउने।
४. शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, कोचिङ्ग सेन्टर, तालिम केन्द्र) ले भौतिक उपस्थितिमा पठन पाठन गर्न गराउन/ नपाउने ।

**ख. सञ्चालन गर्न पाउने गतिविधिहरूः**

१. **व्यवसाय सञ्चालनको हकमाः**
   क. औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसकै समयमा निर्वाध रुपमा सञ्चालन गर्ने ।
   ख. बुँदा नं. (१) क मा उल्लेख भएकाबाहेक अन्य पसल तथा व्यवसायहरू साँझ ६:०० बजेसम्म सञ्चालन गर्न पाइने । पसल तथा व्यवसाय सञ्चालन गर्दा कम्तिमा २ मिटरको भौतिक दुरी कायम गर्ने, अनिवार्यरुपमा स्यानिटाइजर व्यवस्था गर्ने र स्वास्थ्यमापदण्ड पालना गर्नुपर्ने । यदि तोकेबमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको अनुगमनको क्रममा भेटिएमा पसल तथा व्यवसाय तत्काल बन्द गर्न सकिने।
२. **सर्वसाधरणको आवतजावतको हकमाः**
   क. अत्यावश्यक काम परी घरबाट बाहिर निस्किँदा दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दुरी कायम राख्ने । अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने । पटक-पटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
फ्याक्स:- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७८/०७९
चलानी नं.-

३. **सवारी साधन सञ्चालनको हकमा:**

क. जिल्ला भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनहरू स्वीकृत सिट क्षमताअनुसार देहायका मापदण्ड पालना गर्नेगरी सञ्चालन गर्नेः

- कुल स्वीकृत सिट क्षमताभन्दा बढी यात्रु नराख्ने ।
- सबै यात्रुहरूले अनिवार्य रुपमा मास्क लगाउने ।
- मास्क नलगाउने यात्रुलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
- चालक र सहचालकले अनिवार्य रुपमा मास्क,भाईजर र पञ्जा लगाउने ।
- सवारी साधनको ढोकामा स्यानिटाइजरको व्यवस्था हुनुपर्ने ।
- अनिवार्य रुपमा सवारी साधन दैनिक रुपमा दैनिक स्यानिटाइज गर्नुपर्ने ।

ख. जिल्ला भित्र सञ्चालन हुने निजी सवारी साधन स्वास्थ्य मापदण्डको अनिवार्य रुपमा पालना गरी सञ्चालन गर्ने ।

ग. मध्यम तथा लामो दुरीको सार्वजनिक सवारी साधनहरू टिकट अनिवार्य गरी नियमित गराउने । भाडा बढी लिएको, स्वास्थ्य मापदण्ड पालना नगरेको भन्ने गुनासोको सम्बन्धमा यातायात व्यवसायी संघले निगरानीमा राखी काउन्टरले व्यवस्थापन गर्ने र यात्रुहरूको विवरण (चलानी कपि) हर्कपुर नाकास्थित प्रहरी कार्यालयलाई अनिवार्य उपलब्ध गराउने ।

४. **परीक्षा तथा अन्य विषयको हकमा:**

क. विभिन्न निकायबाट सञ्चालन हुने सबै किसिमका लिखित तथा प्रयोगात्मक परीक्षाहरू देहायको शर्त पालना गर्ने गरी सञ्चालन गर्ने ।

- परीक्षा सञ्चालन हुने कुनै एक स्थान (Venue) हल तथा कोठाको आकार अनुसार २५ जनाभन्दा बढी मानिसहरू भेला जम्मा नहुने गरी परीक्षा सञ्चालन गर्ने ।
- परीक्षार्थीहरू हलमा प्रवेश गर्नु पूर्व र परीक्षा समाप्त भएपश्चात नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको भौतिक दुरी कायम हुने व्यवस्था मिलाउने ।
- परीक्षा सञ्चालनका क्रममा जनस्वास्थ्यका मापदण्डहरूका अनिवार्य पालना गरी मास्क तथा सेनिटाइजरको उचित प्रयोग गर्ने ।

ख. गोष्ठी, तालिम, सेमिनार, बैठक, समीक्षा, प्रशिक्षणजस्ता क्रियाकलापहरू सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिकरुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण परिपालना गर्ने गरी सञ्चालन गर्ने ।

५. उल्लिखित आदेशको पालना गर्नु सबैको साझा कर्तव्य हुनेछ । यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गरिनेछ । संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरू कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ ।

प्रमुख जिल्ला अधिकारी